# आर्थिक वर्ष ०७८।७९ को लागि बाणगङ्गा नगरपालिकाको नवौं नगरसभामा प्रस्तुत नीति तथा कार्यक्रम

नेपालको सार्वभौमसत्ता, अखण्डता, स्वाधीनता, स्वाभिमान, लोकतन्त्र र जनजीविकाका निम्ति भएका विभिन्न जनआन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम यस बाणगङ्गा नगरपालिकाको नवौं नगरसभामा आ.व. ०७८।७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले आफूलाई गौरवान्वित भएको महसुस गरेको छु।

नेपालको युगान्तकारी अग्रगामी परिवर्तनका लागि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन व्यवस्था स्थापना गर्न ऐतिहासिक जनआन्दोलन, सशस्त्र सङ्घर्ष र सबै किसिमको आन्दोलन तथा सङ्घर्षका क्रममा शहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीबाट स्वदेश तथा विदेशमा ज्यान गुमाउनु भएका सम्पूर्ण दाजुभाई तथा दिदी बहिनीहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु। कोभिड-१९ बाट स्वदेश तथा विदेशमा संक्रमित हुनुभएका सबै नेपाली दिदीबहिनी तथा दाजुभाइहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

यस सङ्कटको घडीमा एकजुट भई महामारीको रोकथाम, नियन्त्रण र उपचारको कार्यमा अग्रपङ्तिमा अहोरात्र खटिनुहुने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाइकर्मी, विभिन्न संस्थाका एम्बुलेन्स चालक लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूको उच्च प्रशंसा गर्दछु।

जोखिमपूर्ण यस परिस्थितीमा आ-आफ्नो तहबाट खटिनुहुने जनप्रतिनिधि, राजनैतिक दल, सञ्चारकर्मी, उद्योगी, व्यवसायी, निजी क्षेत्र, नागरिक समाज, टोल विकास समिति, सञ्चारकर्मी, स्वास्थ्य स्वयंसेविका लगायत सबै व्यक्ति तथा संघ संस्थाहरूलाई हार्दिक धन्यवाद ब्यक्त गर्दछु।

**नगर सभा सदस्यज्यूहरु,**

अब म नगरको समग्र विकासको खाकाको रुपमा तयार गरेको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रमलाई बुँदागत रुपमा प्रस्तुत गर्न चाहान्छु।

## (क) आर्थिक विकास

१. कृषिजन्य उत्पादन बृद्धि गरी आयात प्रतिस्थापन गर्दै निर्यात प्रबर्द्धनका लागि कृषि सम्वन्धी ज्ञान तथा सीप हासिल गरेका कृषि पेशामा रहेका र संलग्न हुन चाहने युवा तथा व्यवसायिक कृषकहरुको लागि मागमा आधारित ब्यवसायिक कृषि विकास कार्यक्रम सञ्चालन गरी रोजगारी सिर्जना गर्न एक गाउँ एक उत्पादनको अवधारणालाई निरन्तरता दिईने छ।

२. कोभिड-१९ को कारण विदेशमा रोजगारी गुमाई स्वदेश फिर्ता भएका नागरिकहरूलाई उनीहरूको सीप र दक्षताको आधारमा उत्पादनमूलक कार्यमा लाग्न प्रोत्साहन गरिनेछ।

३. प्रविधिमैत्री कृषिलाई प्रवर्द्धन गर्न स्मार्ट कृषि गाउँको अवधारणालाई क्रमशः बिस्तार गर्दै लगिनेछ।

४. निर्माणाधिन कृषि उपज सङ्कलन केन्द्रको निर्माण कार्यलाई निरन्तरता दिईनेछ अन्य क्षेत्रहरुमा सम्भाव्यता अध्ययन गरी क्रमशः विस्तार गर्दै लगिनेछ।

५. सिंचाई पहुँच नभएका ठाउँमा साना सिंचाई, सतह सिंचाई, स्यालो ट्यूवेल, डिप बोरिङ, ताल तलैया तथा पोखरी मर्मत जस्ता कार्यलाई प्राथमिकतामा राखी सिंचित क्षेत्रफलको विस्तार गरिदै लगिनेछ।

६. नगरपालिका भित्रका जलासय र माछा पोखरीहरुलाई संरक्षण गर्दै व्यवसायिक माछा पोखरी निर्माण गर्ने समूह/सहकारी/फर्महरुलाई आवश्यक अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।



Scanned with CamScanner

७. एक घर एक करेसाबारी एक गाउँ एक नर्सरी को अवधारणा अनुरुप स्वच्छ तथा ताजा तरकारी एवम् फलफूल उत्पादन गर्न भान्सा नै औषधालय कार्यक्रम सञ्चालन गरिनेछ।

८. बिऊ प्रतिस्थापन दर बढाउनका लागि कृषक समूह/सहकारी/फर्म मार्फत खाद्यान्न तथा घाँसको बिऊ उत्पादन कार्यक्रमहरु सञ्चालन गरी नगरलाई क्रमशः बिऊमा आत्मनिर्भर गराउँदै लगिनेछ।

९. परम्परागत र रैथाने रुपमा रहेका बालीहरुको वीउको संरक्षण र सम्बर्द्धन गर्न कृषकहरुलाई प्रोत्साहन गर्दै लगिनेछ।

१०. रासायनिक मल तथा विषादीको प्रयोगलाई क्रमशः कम गर्दै प्राङ्गारिक खेती पद्दतिलाई प्रोत्साहन गर्दै लगिनेछ।

११. कृषि उत्पादनबाट कृषकहरुले उचित मूल्य प्राप्त गर्ने सुनिश्चितता गर्न बजारीकरण, भण्डारण, नियमन तथा मूल्य श्रृङ्खलालाई व्यवस्थित गर्दै कृषकहरु लाभान्वित हुने व्यवस्था मिलाइनेछ।

१२. कृषिलाई यान्त्रीकिकरण, विविधिकरण, विशिष्टिकरण मार्फत उत्पादकत्व अभिबृद्धि गर्न सामुहिक खेती प्रणालीलाई प्रवर्द्धन गर्दै आर्थिक सम्मुन्नती एवम् खाद्य तथा पोषण सम्प्रभुता सुनिश्चित गरिनेछ।

१३. साना व्यवसायिक कृषि उत्पादन (पकेट) विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सहयोग र सहकार्य गर्ने व्यवस्था मिलाइनेछ।

१४. कृषि प्रदर्शनी, कृषि मेला, कृषक भ्रमण, तालिम तथा अगुवा कृषक क्षमता विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै लगिनेछ।

१५. सीपलाई श्रम, श्रमलाई रोजगारी, रोजगारीलाई उत्पादन र बजारसँग जोड्न राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको माग अनुरुपका सीपमूलक तालिम कार्यक्रमहरु सञ्चालन गरी रोजगारी सिर्जना मार्फत सामाजिक तथा आर्थिक रुपमा पछाडि परेका समुदाय, बेरोजगार युवा, दलित, आदिवासी, जनजाती, मधेसी, मुस्लिम तथा एकल महिलाहरुको आर्थिक सामाजिक अवस्थामा रुपान्तरण गरी गरिबी निवारणमा योगदान गरिनेछ।

१६. नगरका मुख्य बजार केन्द्रमा कृषि उपज सङ्कलन तथा बिक्री केन्द्रलाई व्यवस्थित गरिनेछ र नगरभित्र शीत भण्डार स्थापना गर्न संघ तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ। नगर क्षेत्रभित्र उत्पादन हुने कृषि तथा पशुजन्य वस्तुहरूको खरिद तथा बिक्रि वितरणको सहजताको लागि हाट वजारहरुलाई थप व्यवस्थित गर्दै लगिनेछ।

१७. नगरभित्र क्रियाशील सहकारीहरुको उत्पादन तथा बजारीकरणको लागि पहल गरिनेछ साथै विषयगत रुपमा एकिकरण र व्यवस्थापकीय रुपमा एकरुपताको लागि अगाडि बढाइनेछ। सहकारीहरुको पूजी परिचालन गरि उद्दमशिलता प्रवर्द्धन गर्न आवश्यक सहकार्य गर्दै लगिनेछ।

१८. सहकारीहरुबाट नगरपालिकामा पेश हुने मासिक प्रतिवेदनहरुलाई अनलाईन माध्यमबाट प्राप्त गर्ने गरी व्यवस्था मिलाइने छ। नगरभित्र रहेका सहकारीहरुको नियमित अनुगमन गरीने छ। निष्क्रिय एवम् नियम विपरित सञ्चालनमा रहेका सहकारीहरुलाई आवश्यक कानुनी कारवाही तथा खारेजीको प्रक्रियामा लगिनेछ।

१९. औद्योगिक ग्रामका आवश्यक पूर्वाधार निर्माणका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय, सहकार्य तथा साझेदारी गरिनेछ। साना, लघु तथा घरेलु उद्योगहरुको सीप तथा प्रविधिहरुलाई प्रोत्साहन गर्दै लगिनेछ।

२०. कृषकहरुको घरदैलोमा गई कृषि तथा पशु सम्बन्धी प्राविधिक सेवा तथा परामर्श प्रदान गर्ने व्यवस्था मिलाइने छ।

२१. कृषि, पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अद्यावधिक तथा कृषक सूचिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२२. नगरपालिकाका सबै वडाहरूमा माटो परीक्षण गरी प्राविधिकको राय अनुसारको व्यवसायिक फलफूल खेती, तरकारी र अन्न बाली का लागि आवश्यक परामर्श तथा आवश्यक सहयोग उपलब्ध गराईनेछ।

२३. नगरको भू-उपयोग नीति तथा योजना निर्माण गरी कृषियोग्य भूमिको खण्डिकरण कार्यलाई निरुत्साहित गर्दै लगिनेछ।

२४. नगरपालिकालाई तरकारी, मह बिऊ दुध, मासु र अण्डा उत्पादनमा आत्मनिर्भर बनाउनका लागि बाख्रापालन, मौरीपालन, भैसी तथा गाई पालन, कुखुरा पालन र बंगुरपालन व्यवसायको सुरूवात गर्ने कृषक तथा युवाहरूलाई प्रोत्साहन गर्नका लागि उन्नत जातका बिऊ तथा चल्ला र बोका वितरण तथा पशु नश्ल सुधार कार्यक्रम तथा सो क्षेत्रमा आवश्यक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।



Scanned with CamScanner

२५. कृषि तथा पशुपालन व्यवसायलाई व्यवस्थित रूपमा सञ्चालन गर्नको लागि विज्ञहरूको सहभागितामा दीर्घकालीन कृषि सम्बन्धी नीति तयार गरी लागू गरिनेछ ।

२६. उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने व्यावसायिक कृषकहरूलाई उत्पादनको आधारमा थप अनुदान दिने व्यवस्था मिलाइनेछ । साथै पशुपंक्षी तथा बालीको संरक्षणको लागि पशु तथा बाली विमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

२७. छाडा चौपाया व्यवस्थापनको लागि शान्ता कुञ्ज मधुवन धाम गौशाला निर्माण कार्यलाई थप व्यवस्थापन गर्दै लगिनेछ । सो को व्यवस्थापनमा संघ, प्रदेश सरकार र अन्य धार्मिक तथा सामाजिक संस्थाहरुसँग आवश्यक सहकार्य गरिनेछ ।

२८. बाणगङ्गा नगरपालिका अन्तर्गत रहेका मधुवन धाम, कपिलधाम, लक्ष्मण घाट, राम दतिवन, राजापानी लगायत धार्मिक सांस्कृतिक पर्यटकीय स्थलहरुलाई समेटी बाणगङ्गा पर्यटन सर्किटको रुपमा विकास गर्न गुरुयोजना तयार गरी एकिकृत विकासको लागि पहल गरिनेछ । साथै अन्तरराष्ट्रिय बौद्धिष्ट पार्कको गुरुयोजना तयार गरी निर्माणको लागि पहल गरिनेछ ।

२९. बाणगङ्गा नगरपालिका र चिनको छिचौं नगरपालिकासँग भगिनी सम्बन्ध स्थापित गरी द्वीपक्षीय हितका क्षेत्रहरुमा आवश्यक सहकार्य, समन्वय, साझेदारी तथा पारस्परिक सम्बन्ध स्थापित गर्दै लगिनेछ ।

३०. बेतेनी (कपिलधाम) मोर्मी कोईली खोलालाई जलाशयको रुपमा विकास गरी सिंचाईका अतिरिक्त जलविहारको लागि एकिकृत योजना निर्माण गरी कार्यान्वयनमा ल्याउन संघ तथा प्रदेश सरकारसंग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।

३१. नगरपालिका भित्र रहेका पर्यटकीय स्थलहरुको प्रचार प्रसारको लागि पर्यटन प्रोफाईल तयार गरी ब्रोसर प्रकासन गर्ने तथा पर्यटन डकुमेन्ट्री तयार गरी सार्वजनिक गरिनेछ ।

३२. थारु संस्कृतिलाई संरक्षण तथा सम्बर्द्धन गर्दै कला संस्कृतिको बजारीकरण मार्फत होम स्टे सञ्चालन गरी पर्यटन प्रवर्द्धन गर्न आवश्यक प्रोत्साहन गरिनेछ ।

३३. एकल महिला, बेरोजगार युवा, अल्पसङ्ख्यकहरुको लागि व्यवसायिक तथा सीपमूलक तालिम कार्यक्रमहरु सञ्चालन गर्ने र विभिन्न विषयमा तालिम लिएका व्यक्तिहरूलाई सूचीकरण गरी सम्बन्धित विषयको ज्ञान र सीपको आधारमा व्यवसायिक उद्यमतर्फ लाग्नका लागि प्रोत्साहन गरिनेछ ।

३४. महिलाहरुको सक्रिय सहभागितामा सञ्चालनमा रहेका सहकारीहरु, लघु उद्योगहरुलाई प्राथमिकतामा राखी प्रोत्साहन गरिनेछ ।

## (ख) सामाजिक विकास नीति:

३५. नगरक्षेत्रभित्र रहेका विभिन्न जातजाती तथा भाषा भाषी र धार्मिक समुदायको मौलिक संस्कृति, रीतिरिवाज तथा परम्परागत ज्ञान सीपको संरक्षण तथा प्रवर्द्धन गर्नका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

३६. नगरक्षेत्रभित्र रहेका अपाङ्ग, दलित, मुस्लिम, लैङ्गिक तथा यौनिक, अल्पसङ्ख्यक, विपन्न, एकल महिला, जेष्ठ नागरिक, पिछडिएको वर्ग तथा समूहको आर्थिक तथा सामाजिक उत्थान एवम् सशक्तीकरणका लागि क्षमता विकास, संरक्षण एवम् मूलप्रवाहीकरण गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।

३७. नगरपालिकाभित्र रहेका असहाय र अपाङ्ग लैंगिक हिंसामा परेका तथा सडक बालबालिकाहरूको संरक्षणका लागि वालवालिका विशेष कोष स्थापना गरी संरक्षण र उद्धारका कार्यक्रम सञ्चालन गरिनेछ साथै फरक क्षमता भएका बालबालिकाको शैक्षिक यात्राको निरन्तरताका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३८. समाजमा विद्यमान लैंङ्गिक हिंसा र लागू पदार्थको दुर्व्यसनी समेतका सामाजिक कुरीतिहरूलाई निरूत्साहित गर्न त्यस्ता गतिविधिहरूको नियन्त्रण तथा रोकथामका कार्यमा संलग्न संघ संस्थाहरूसँगको सहकार्यमा सामाजिक मनोविमर्श तथा सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरी घर परिवार र समाजमा पुनःस्थापना हुने व्यवस्था मिलाइनेछ ।

३९. नगरक्षेत्रभित्र स्वच्छ पिउनेपानीको पहुँच नभएका बस्ती र परिवारको पहिचान गरी स्वच्छ पिउनेपानीको पहुँच सुनिश्चितता गर्दै एक घर एक धाराको अभियान सञ्चालन गर्न संघ र प्रदेश सरकार सँग समन्वय र सहकार्य गरिनेछ ।



Scanned with CamScanner

४०. भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको संकलित लगत बमोजिम जग्गा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ।

४१. विद्यालयमा पूर्ण भर्ना अभियानलाई निरन्तरता दिँदै विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको प्रतिभा प्रस्फुटन हुने खालका अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन गर्नुको साथै विद्यार्थीहरूले अनुभव गर्ने खालका शैक्षिक कार्यक्रम सञ्चालन गरी उनीहरूको प्रतिभालाई सीपसँग आवद्ध गराउने व्यवस्था मिलाइनेछ।

४२. आधारभूत तहको कक्षा १ मा भर्ना हुने विद्यार्थीलाई भर्ना हुनुभन्दा अगाडि १ वर्ष बालविकास केन्द्रको अनुभव पश्चात मात्र कक्षा १ मा भर्ना गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ।

४३. बाल विकास केन्द्रको अध्ययन पूरा गरेका बालबालिकाहरूलाई विद्यालयमा स्थानान्तरण गरी अध्ययन कार्यलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने प्रोत्साहनमूलक कार्यहरूको पहिचान गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

४४. विद्यालयहरूको कक्षा कोठाको शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाई गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि शिक्षकहरूको सीप तथा क्षमता अभिवृद्धि गर्न आवश्यकता अनुसार क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

४५. शिक्षण सिकाइलाई प्रभावकारी बनाउनका लागि विद्यार्थी तथा शिक्षक सङ्ख्या, भौगोलिक दुरी समेतको आधारमा विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान गर्ने कार्यलाई प्राथमिकताका साथ निरन्तर अगाडि बढाईने छ।

४६. वाल विकास केन्द्रको सिकाइ उपलब्धिलाई प्रभावकारी र गुणस्तरीय वनाउनका लागि सहयोगी कार्यकर्तालाई आवश्यक प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ साथै हाल कार्यान्वयनमा रहेको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइने छ।

४७. बाणगङ्गा नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गरी यसको दिगोपनाको लागि स्थानीय आमा समूह, युवा क्लब, टोल विकास समिति, बालक्लब, स्थानीय महिला स्वास्थ्य स्वयं सेविका लगायत अन्य सरोकारवाला व्यक्ति तथा संघ संस्थासँग समन्वय र सहकार्यमा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

४८. विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक उपलब्धिलाई वृद्धि गर्न मूल्याङ्कन प्रणालीलाई विश्वसनीय बनाउने साथै संस्थागत विद्यालयहरुको पाठ्यक्रमलाई एकरुपतामा ल्याउने गरी आवश्यक व्यवस्था मिलाइनेछ।

४९. शैक्षिक रणनीतिक योजना निर्माण/अद्यावधिक गर्दै सरोकारवालाहरु बिच निरन्तर संवाद, छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दै कार्यान्वयनमा लगिनेछ। विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आवश्यक नियमनको व्यवस्थालाई प्रभावकारी बनाईनेछ।

५०. विद्यालयमा छात्राहरूको नियमितताको लागि निःशुल्क रूपमा स्यानीटरी प्याड उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ साथै किशोर किशोरीहरुको शारीरिक तथा मानसिक क्षमता विकासका लागि विभिन्न सचेतीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५१. विद्यालयहरुको कक्षा कोठा, विज्ञान प्रयोगशाला, पुस्तकालय लगायतका पूर्वाधारहरुको निर्माण तथा स्तरोन्नतिका साथै शैक्षिक संस्थाहरुलाई सूचना प्रविधिमैत्री बनाई गुणस्तरीय शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाइने छ। यसका साथै प्र.अ. तथा शिक्षकसँग जिम्मेवारी बढाउन कार्य सम्पादन सम्झौता गर्ने व्यवस्था मिलाइने छ।

५२. विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ सङ्क्रमणको दोस्रो लहरको कारणबाट विद्यालय सञ्चालन हुन नसकी पढाइ हुने दिनहरू कमी हुने भएको हुँदा उक्त ग्याप पूरा गर्न अतिरिक्त कक्षा साथै वैकल्पिक सिकाइ सहजीकरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

५३. बालबालिका तथा युवाहरूको शारीरिक तथा मानसिक विकासका लागि विद्यालय तथा वडास्तरमा खेलमैदानको सम्भावनाका आधारमा खेलकुद प्रतियोगिता सञ्चालन गरी विद्यार्थी तथा युवाहरूलाई खेलप्रति उत्प्रेरित गराउने व्यवस्था मिलाइनेछ।

५४. आधारभूत तहका थप कक्षाहरुमा कपिलवस्तु र बौद्ध शिक्षा विषयको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी लागू गरिनेछ साथै उच्च शिक्षामा समेत विस्तारका लागि आवश्यक पहल गरिनेछ।



Scanned with CamScanner

५५. विद्यालयमा सुशासन, पारदर्शीता, जवाफदेहिता प्रबर्द्धनमा जोड दिई विद्यालयमा एकिकृत शिक्षा व्यवस्थापन सूचना प्रणाली (Integreted Education Management Information System-IEMIS) र विद्युतीय हाजिरीलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ।

५६. उत्कृष्ट नतिजा ल्याउने सामुदायिक विद्यालय, विषयगत शिक्षक र विद्यार्थीलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।

५७. नगरस्तरीय मेयर कप, राष्ट्रपति रनिङ्गशील्ड लगायतका विभिन्न खेलकुद कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ। नगरभित्रका प्रतिभावान खेलाडीहरुको पहिचान, प्रोत्साहन तथा सम्मान गरिनेछ।

५८. नेपाल सरकारबाट सञ्चालन भएका स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाइनुका साथै गर्भवती महिलाको पोषण अवस्थामा सुधार गरी स्वास्थ्य संस्थामा सुत्केरी गराउनका लागि प्रोत्साहन गरिनेछ। विगत आर्थिक वर्षदेखि सञ्चालनमा रहेका अण्डा वितरण, महिला स्वास्थ्य स्वयंसेविकाहरू र आमा समूहको बैठक सञ्चालन सम्बन्धी कार्यक्रमहरूलाई निरन्तरता दिइने छ।

५९. ज्येष्ठ नागरिक, अपाङ्ग, असहाय र गर्भवती महिलाहरूलाई घर-दैलोमा सेवा दिने कार्यलाई थप प्रभावकारी बनाउनका लागि आवश्यक पर्ने कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइने छ। साथै सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीबाट वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

६०. नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरूबाट प्रवाह हुने सेवालाई चुस्त बनाउन आवश्यक पर्ने पूर्वाधार, जनशक्ति र स्वास्थ्य सामग्री थप गरी गुणस्तरीय सेवा उपलब्ध गराइनेछ। यसको लागि स्वास्थ्य कर्मीहरूलाई आवश्यक प्रोत्साहन गरिनेछ।

६१. कोभिड-१९ संक्रमणको दोस्रो लहरको असर रहँदाको अवस्थासम्मको लागि आईसोलेसन सेन्टर र होम आईसोलेसनमा बसेका व्यक्तिहरूलाई स्वास्थ्यकर्मीबाट आवश्यक निगरानी, परामर्श र स्वास्थ्य उपचारको व्यवस्था मिलाइनेछ साथै अन्य सरुवा रोग तथा महामारी रोगहरुको नियन्त्रणका लागि आवश्यकता अनुसार विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

६२. यस नगरपालिका क्षेत्रभित्र कोभिड-१९ संक्रमणको रोकथाम र नियन्त्रणको लागि बढीभन्दा बढी नागरिकहरूलाई परीक्षणको दायरामा ल्याईनेछ। सबै नगरबासीहरुलाई कोभिड-१९ विरुद्धको खोपको लागि संघीय तथा प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरी खोप कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ।

६३. नेपाल सरकारद्वारा निःशुल्क रूपमा उपलब्ध गराईएका औषधीहरूको उपलब्धतालाई सुनिश्चित गर्दै आर्थिक अवस्था कमजोर रहेका मधुमेह र उच्च रक्तचापका विरामीहरूले प्रयोग गर्ने औषधी निशुल्क रूपमा उपलब्ध गराउने र गर्भवती महिलाहरूलाई नगरपालिकाको तर्फबाट आईरन तथा क्याल्सियम चक्की निःशुल्क रूपमा वितरण गर्ने गर्ने व्यवस्था मिलाइनेछ।

६४. पिपरा अस्पतालको सेवा विस्तार तथा सेवाको गुणस्तर अभिबृद्धि गर्न औषधी उपकरणहरुको प्रवन्ध र जनशक्तिको व्यवस्थापन र आवश्यक थप संरचनाहरुको व्यवस्थापनको लागि प्राथमिकताका साथ लागू गरिनेछ साथै यस अस्पतालको सेवा विस्तार गरी ट्रमा सेन्टरको रुपमा समेत विकास गर्न संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ।

६५. नगरक्षेत्रभित्र रहेका सामुदायिक तथा नीजि अस्पतालहरुको सेवाको गुणस्तरीयता अभिबृद्धिका लागि आवश्यक सहयोग र सहकार्य गर्दै नियमनको व्यवस्थालाई समेत प्रभावकारी बनाउँदै लगिनेछ। संघ, प्रदेश तथा अन्य सम्बद्ध निकायहरुको सहकार्यमा अक्सिजन प्लान्ट निर्माण कार्यलाई अगाडी बढाईनेछ।

६६. विभिन्न संघ संस्था वा विशेषज्ञको समन्वय र सहकार्यमा नगरक्षेत्रभित्र आवश्यकता अनुसार निःशुल्क विशेषज्ञ स्वास्थ्य सेवा सहितका शिविरहरु सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

६७. सबै नगरबासीहरुलाई स्वास्थ्य बीमाको दायराभित्र ल्याउन आवश्यक प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

६८. सुरक्षित मातृत्व, पोषण, खोप, प्रजनन स्वास्थ्य, क्षयरोग, कुष्ठरोग निवारण, बालस्वास्थ्य, परिवार नियोजन तथा सुरक्षित गर्भपतन, यौनरोग तथा एच.आई.भी. एड्स, सामुदायिक स्वास्थ्य, सिकलसेल एनिमिया जस्ता स्वास्थ्य सम्बन्धी विषयमा विभिन्न प्रवर्द्धनात्मक एवम् निरोधात्मक कार्यक्रमहरुलाई निरन्तरता दिईने छ।



Scanned with CamScanner

६९. घरमा प्रसुती शुन्य (Zero Home Delivery) नगरपालिका बनाउनका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न स्वास्थ्य संस्थाहरुको प्रशासनिक व्यवस्थापन र भौतिक संरचनाहरुलाई स्तरोन्नति गरिँदै लगिनेछ साथै सबै वडाहरुमा व्यवस्थित खोप केन्द्र निर्माण गर्नका लागि आवश्यक व्यवस्था मिलाइने छ।

७०. महिला स्वास्थ्य स्वयं सेविकाहरुले समुदायमा पुऱ्याएको योगदानको उच्च मुल्याङ्कन गर्दै उचित प्रोत्साहनको व्यवस्था मिलाइने छ।

७१. यस नगरक्षेत्रभित्र मृगौला प्रत्यारोपण, जटिल मुटुको शल्यक्रिया, स्पाईन सर्जरी सम्बन्धी जटिल शल्यक्रिया जस्ता उपचारमा कार्यविधि बमोजिम केही राहत उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

७२. युवाहरुको नेतृत्व र क्षमता विकास हुने खालका कार्यक्रमहरुलाई प्रोत्साहन दिई सञ्चालन गरिनेछ।

७३. आयुर्वेदिक, योग एवम् प्राकृतिक चिकित्सा लगायत वैकल्पिक चिकित्सा प्रणालीको विकास, विस्तार र प्रबर्द्धन गरिनेछ । नगर भित्र आयुर्वेदिक औषधिहरुको नियमित उत्पादन तथा सहज वितरणको व्यवस्था मिलाइनेछ। कोभिड-१९ को नियन्त्रण तथा रोकथामका लागि आयुर्वेद सेवालाई समेत परिचालन गरिनेछ।

७४. आयुर्वेद औषधालयको जग्गा प्राप्ति, संरक्षण र भवनको लागि DPR तयार गर्नुका साथै आयुर्वेद औषधालयलाई आयुर्वेद अस्पतालको रुपमा स्तरोन्नति गर्न पहल गरिनेछ।

७५. योग अभ्यास, ध्यान, सकारात्मक सोंच तथा नेतृत्व विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरी नगरवासीहरुको जीवन पद्धतिको रुपमा विकास गर्दै आरोग्यता र स्वस्थ व्यवहार प्रवर्द्धन गरिनेछ साथै मूल्य शिक्षा तथा नैतिक शिक्षालाई प्रवर्द्धन गरी नैतिक तथा चरित्रवान नागरिक विकास गर्नको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

७६. नगरक्षेत्रमा पुस्तकालय तथा ज्ञानकेन्द्र स्थापना गरी ज्ञानमा आधारित समाज तथा अध्ययनशील संस्कृतिको विकासलाई प्रवर्द्धन गरिनेछ ।

७७. नगरपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय स्थल, मठ, मन्दिर, गुम्वा र मस्जिदहरूको संरक्षण र सम्बर्द्धन गर्दै आन्तरिक तथा वाह्य पर्यटनको आधारको रुपमा विकास गरिदै लगिनेछ।

७८. नगरपालिका भित्र रहेका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिलाहरुलाई परिचय पत्र उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ साथै नगरपालिकाबाट प्रदान गरिने सेवाहरुमा परिचयपत्रको आधारमा आवश्यक छुट तथा सहुलियतको व्यवस्था मिलाइने छ।

७९. कोभिड-१९ पछिको थप रणनीति र कार्ययोजना तयार गरी क्षेत्रगत विशेष कार्यक्रम सञ्चालन गरिनेछ। महामारीका कारण रोजगारी गुमाएका श्रमिक, साना किसान, असहाय व्यक्ति, गरिव तथा विपन्न वर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, सीप विकास तालिम र रोजगारी एवम् आय आर्जन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

८०. सामाजिक कुरीति, लैंगिक हिंसा, कुसंस्कार र जातीय विभेद, छुवाछुत, बेरोजगारी र सामाजिक विभेदका कारण समुदाय तहमा हिंसा, अपराध तथा बढ्दो मानसिक विचलन तथा आत्महत्या रोकथाम तथा नियन्त्रणका लागि नगरपालिका स्तरमा मनोसामाजिक परामर्श कार्यलाई निरन्तरता दिईनेछ।

८१. नगर क्षेत्रबाट वैदेशिक रोजगारमा जाने युवाहरुको तथ्यांक अद्यावधिक गरी सुरक्षित आप्रवासन कार्यक्रमलाई निरन्तरता दिईनेछ।

८२. रोजगार बैंक स्थापना गरी बेरोजगार युवाहरुलाई सूचीकृत गरी नगरमा सञ्चालन हुने परियोजनाहरुमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ साथै सुचिकृत वेरोजगार युवाहरुलाई १०० दिनको पारिश्रमिक सुविधा उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईने छ।

८३. बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषणमैत्री स्थानीय शासन (NFLG) अवलम्बन गर्न पोषणमैत्री वार्ड घोषणाका लागि विशेष अभियान सञ्चालन गरिनेछ। यसका लागि क्रमशः एक वडा एक नमूना गाउँको अभियान यसै वर्षबाट कार्यान्वयन गरिनेछ।

८४. लैङ्गिक तथा घरेलु हिंसा, एकल महिला, अपाङ्गता, यौन शोषण लगायत जोखिममा परेका बालबालिका, यौनिक तथा लैंगिक अल्पसङ्ख्यकहरुलाई दृष्टिगत गरी अवसर र हित प्रबर्द्धन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ।



Scanned with CamScanner

८५. "नगर प्रमुखको अभिभावकत्व, बाल स्वास्थ्यमा अपनत्व" भन्ने मूल कार्यक्रम अन्तर्गत बाल स्वास्थ्यका कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ ।

८६. नगर उपप्रमुखसँग ज्येष्ठ नागरिक कार्यक्रम अन्तर्गत **"मर्यादित समाज, दिव्य संस्कार, ज्येष्ठ नागरिकाको सम्मानमा स्थानीय सरकार"** भन्ने नाराका साथ जेष्ठ नागरिकहरुको स्वास्थ्य हेरचाह, ज्ञान सीप हस्तान्तरण तथा सम्मान कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८७. "सर्वाङ्गीण स्वास्थ्य हाम्रो लक्ष्य, गतिशील विकासमा वार्ड अध्यक्ष" नारा सहित सम्बन्धित वडाहरुमा सरसफाइ अभियान र हरियाली प्रवर्द्धन कार्यक्रम नियमित सञ्चालन गरिनेछ ।

## (ग) पूर्वाधार विकास सम्बन्धी नीति

८८. नगरपालिकाको नगर सडक यातायात गुरूयोजना (MTMP) निर्माण गरी नगरक्षेत्रका सडकको मापदण्ड (Right of way) तोकिनेछ साथै एकीकृत सहरी विकास तथा बसपार्कको गुरुयोजना तयार गरी निर्माण प्रक्रियालाई अगाडि बढाईने छ ।

८९. नगरस्तरीय सडक संजाल विस्तार तथा स्तरोन्नति, नदी तथा खोलाहरुमा पुल र कल्भर्ट निर्माण तथा नगरस्तरीय विभिन्न परियोजनाहरु संघ तथा प्रदेश सरकारहरुसँग आवश्यक समन्वय सहकार्य र साझेदारी गरी निर्माण कार्यलाई अगाडि बढाउन पहल गरिनेछ । न्यूनतम संरचनाहरु निर्माण गरे पश्चातमात्र सडक कालोपत्रे गर्ने व्यवस्था मिलाइनेछ ।

९०. उज्यालो बाणगङ्गा अभियान अन्तर्गत नगर क्षेत्रभित्रका आवश्यक स्थानहरुमा सडक सौर्यबत्ति जडान कार्यलाई निरन्तरता दिईनेछ । नगरका मुख्य चोकहरुमा CCTV संजाल निर्माण गर्दै लगिनेछ ।

९१. उपभोक्ताबाट सञ्चालन गरिने भौतिक पूर्वाधारका योजना तथा नगरबाट सञ्चालन हुने प्रविधि हस्तान्तरणका कार्यक्रमहरुमा लागत सहभागिताको अंशलाई निरन्तरता दिईनेछ । हेवी ईक्वीपमेन्ट, उच्च प्राविधिक ज्ञान, सीप र क्षमता आवश्यक पर्ने निर्माण कार्यहरुमा प्रचलित कानुन बमोजिम ठेक्का प्रक्रियाबाट सञ्चालन गरिनेछ ।

९२. चक्रपथको ट्र्याक विस्तार र स्तरोन्नतिलाई निरन्तरता दिईने छ साथै चालु आर्थिक वर्षमा सम्पन्न हुन नसकी अधुरा रहेका र क्रमागत आयोजनाहरूलाई प्राथमिकतामा राखी आवश्यक बजेट विनियोजन गरी सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ ।

९३. नगरक्षेत्रभित्र भौतिक पूर्वाधारहरू निर्माण गर्दा अपाङ्गमैत्री, ज्येष्ठ नागरिकमैत्री, बालमैत्री, वातावरण मैत्री र विपत तथा प्रकोप उत्थानशील हुने गरी विकास निर्माणका कार्यहरू अगाडि बढाउने व्यवस्था मिलाइनेछ ।

९४. नगरपालिका तथा वडास्तरबाट आयोजनाहरू छनौट गर्दा उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, स्थानीय स्तरबाट जनश्रमदान जुट्ने र दीगोपना भएका आयोजनाहरू छनोट गर्नका लागि प्रोत्साहित गरिनेछ ।

९५. बाणगङ्गा र भङगलाको दोभानमा जलाधार संरक्षण र सिंचाई व्यवस्थाका लागि सम्भाव्यता अध्ययन गरी संघ तथा प्रदेश सरकारसँग आवश्यक सहकार्य गरिनेछ ।

९६. नगरपालिकामा निर्माण भएका भौतिक पूर्वाधारहरुको गुणस्तरीयता परीक्षणका लागि आवश्यक प्रविधि उपकरण तथा तेस्रोपक्ष मूल्याङ्कनको व्यवस्था मिलाइनेछ ।

९७. रणनीतिक पूर्वाधारको क्षेत्रमा सम्भाव्यताको आधारमा सार्वजनिक नीजि साझेदारीको नीतिलाई अवलम्बन गरिनेछ ।

९८. सार्वजनिक तथा नीजि संरचनाहरु निर्माण गर्दा भुकम्पिय जोखिम न्युनिकरण गर्ने तर्फ ध्यान दिँदै भवन निर्माण मापदण्ड र भवन संहिताको पूर्ण रुपमा पालना गर्न र मापदण्ड लागू हुनुपूर्व बनेका घरहरुको अभिलेखिकरणमा थप सहजता सिर्जना गर्न आवश्यक व्यवस्था गरिनेछ । नगरपालिकाका सम्पूर्ण घरधुरीहरुको घर नम्बर राखी त्यसको अभिलेख व्यवस्थित गर्दै लगिनेछ ।

९९. बढ्दो सवारी चापका कारण हुन सक्ने सम्भावित सडक दुर्घटनाहरुलाई न्यूनिकरण गर्न आकाशे पुल निर्माणको लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक सहकार्य समन्वय र साझेदारीको लागि पहल गरिनेछ । विद्यालय तथा समुदाय स्तरमा ट्राफिक सचेतना सम्बन्धी आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१००. नगरस्तरीय गौरवका आयोजनाहरुलाई निरन्तरता दिईनेछ । ठूला र गौरबका योजना निर्माणका लागि आवश्यक पर्ने स्रोतको व्यवस्था संघ तथा प्रदेश सरकारको सहयोगमा जुटाइनेछ ।



Scanned with CamScanner

१०१. बुद्धरङ्गशाला, मायादेवी रङ्गशाला, कवर्डहल लगायतका खेल पूर्वाधारको स्तरोन्नतिको आवश्यक व्यवस्था मिलाइनेछ । एक वडा एक खेलमैदान कार्यक्रम अनुसार प्रत्येक वडामा कम्तिमा १ वटा खेलमैदानको निर्माण तथा स्तरोन्नतिको व्यवस्था मिलाइनेछ ।

१०२. लक्ष्मणघाट र श्रृङ्गीघाट दाहसंस्कार स्थललाई व्यवस्थित गर्दै लगिनेछ ।

१०३. सम्बद्ध निकाय एवम् पक्षहरुसँग आवश्यक सहकार्य गरी विद्युत चुहावट मुक्त नगर बनाउने अभियानलाई निरन्तरता दिईनेछ ।

१०४. आयोजनाहरु तोकिएको परिमाण, गुणस्तर, लागत र समयमा सम्पन्न हुने गरी निर्माण गरिनेछ साथै निर्माण सम्पन्न भएका पूर्वाधारका योजनाहरुको नियमित मर्मत सम्भार गरी दिगो बनाउँदै लगिनेछ ।

१०५. सरसफाइका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरी पूर्णसरसफाइ युक्त नगरपालिका बनाउन शौचालय नभएका अति विपन्न नागरिक र कच्ची शौचालय भएका नगरवासीलाई पक्की शौचालय निर्माण गर्न आवश्यक पर्ने न्यूनतम निर्माण सामग्री सम्वन्धित टोल विकास समिति र वडा कार्यालयको सिफारिसको आधारमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

**(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन**

१०६. म सफा गर्छु मेरो नगर सरसफाइ अभियानलाई निरन्तरता दिईने छ ।

१०७. सडक भवन तथा अन्य भौतिक पूर्वाधारहरुको निर्माण गर्दा सन्तुलित, दिगो तथा उत्थानशील विकास अवधारणालाई अवलम्बन गरिनेछ । हरित नगर प्रवर्द्धन गरी वातावरणीय प्रदुषण न्युनिकरण गर्न एवम् सडक सुरक्षा समेतको कार्यको लागि सडकको दायाँवायाँ वृक्षरोपण गर्ने व्यवस्था मिलाइनेछ ।

१०८. बाणगङ्गा लगायत नदीहरुको एकिकृत विकासको डिपिआर तयार गरी नदी नियन्त्रण, तटबन्ध निर्माण गरी जग्गा उकास तथा संरक्षण गर्न संघ, प्रदेश सरकार र अन्य निकायहरुसँग आवश्यक सहकार्य र साझेदारी गरिनेछ । यसरी उकास भएको जग्गा नापजाँच गरी नगरपालिकाको स्वामित्वमा ल्याउन पहल गरिनेछ ।

१०९. नविकरणीय उर्जा (बायोग्यास, विद्युतीय चुलो, सुधारिएको चुलो र सौर्य उर्जा) जस्ता कार्यक्रम प्रवर्द्धन गरिनेछ ।

११०. नगर भित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापनका लागि बाणगङ्गा नगरपालिका वडा नं.९ मा पर्ने नमूना सामुदायिक वनको क्षेत्रभित्र ल्याण्डफिल्ड साइड निर्माणको लागि गुरुयोजना तयार गर्ने र सोको आधारमा ल्याण्डफिल्ड साईड तथा फोहोर प्रशोधन केन्द्र निर्माण गरी फोहोरलाई मोहरमा रुपान्तरण गर्ने कार्यलाई अगाडि वढाईनेछ ।

१११. प्राकृतिक तथा मानवीय कारणले हुनसक्ने विपद जोखिमको नक्साङ्कन तथा विपद प्रतिकार्य योजना र स्थानीय जलवायु अनुकुलन नीति तथा योजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ । क्षतिलाई न्युनीकरण गर्न आवश्यक पर्ने स्रोत, साधन र जनशक्ति व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ साथै उच्च जोखिममा रहेका वस्तिहरुको पहिचान गरी सुरक्षित आवासको लागि पहल गरिनेछ । विपद पूर्वतयारी, प्रतिकार्य तथा पुनर्स्थापना कार्यमा सम्बद्ध सरोकारवाला संस्थाहरुको सहकार्यलाई थप सुदृढ गरिनेछ ।

११२. नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक तालतलैया, पोखरी, जलाधार र चौतारीहरूको मर्मत सम्भार, जिर्णोद्धार र संरक्षण गरी अभिलेखीकरण गरिनेछ । पुरातात्विक तथा ऐतिहासिक महत्वका रूपमा रहेका पोखरी तथा ताल-तलैयाहरूको आवश्यकता अनुसार पुनःनिर्माण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

११३. नगरपालिका क्षेत्रभित्रका सार्वजनिक, ऐलानी र पर्ती जग्गा पहिचान गरी संरक्षण तथा वृक्षारोपण गर्ने कार्य अगाडि बढाइनेछ ।

११४. बाणगङ्गा, कोईली र घिरि नदी तथा खोलामा आउनसक्ने सम्भावित बाढीबाट हुनसक्ने जनधनको क्षतिलाई रोकथाम तथा न्यूनिकरण गर्न नगरवासीलाई जानकारीहुने गरी पूर्व सूचना प्रणाली जडान गरिनेछ । यसका साथै विपदको उच्च जोखिममा रहेका समुदायहरुलाई पूर्वतयारी र प्रतिकार्य सम्बन्धी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

११५. सामुदायिक, निजी तथा साझेदारी वनलाई दीर्घकालिन रुपमा आयआर्जन हुन सक्ने जडिवुटी, काठ, दाउरा, घाँसका लागि वहुमूल्य बोट विरुवाहरुको वृक्षरोपण गर्न प्रेरित गर्दै लगिनेछ । सामुदायिक वनको कोषलाई नगरपालिकासँगको समन्वय र सहकार्यमा विकासका आयोजनाहरुमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।



Scanned with CamScanner

(ङ) सुशासन तथा संस्थागत विकास

११६. नगरपालिकाबाट प्रदान गरिने सेवालाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाईनेछ । सेवा प्रवाहमा संलग्न जनप्रतिनिधि तथा कर्मचारीहरूलाई नागरिकप्रति उत्तरदायी बनाउन सेवाग्राहीको पृष्ठपोषण लिने पद्धतिलाई संस्थागत गर्दै नागरिकबाट प्राप्त गुनासोको तत्काल समाधान गर्ने व्यवस्था मिलाइनेछ ।

११७. नगरपालिकामा कार्यरत कर्मचारीलाई जिम्मेवार, कर्तव्यनिष्ठ र उत्तरदायी बनाई कार्यसम्पादनलाई नतिजामूखी बनाउन श्रावण मसान्तभित्र परिमाणात्मक तथा मापनयोग्य सूचक सहित नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखसँग कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था मिलाइनेछ ।

११८. नेपालको संविधानको अनुसूची-८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए अनुसार स्थानीय तहको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित विषयहरूमा आवश्यक पर्ने ऐन, नियम, निर्देशिका र कार्यविधि तर्जुमा, परिमार्जन, संशोधन गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।

११९. मेलमिलाप तथा मध्यस्थता सेवालाई प्रभावकारी बनाउन पदाधिकारी तथा कर्मचारीहरुलाई आवश्यकता अनुसार क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१२०. नगरपालिका अन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारीहरू मध्येबाट उत्कृष्ट काम गर्ने कर्मचारीहरूलाई सम्मान तथा पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

१२१. नगरस्तरीय तथा वडास्तरीय योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि निर्वाचित पदाधिकारी, कर्मचारी र उपभोक्ता समिति तथा टोलविकास संस्थामा रहेका पदाधिकारीहरूलाई योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी क्षमता विकासका तालिमहरु सञ्चालन गरिनेछ ।

१२२. नगरपालिका तथा वडास्तरबाट सम्पादन भएका विकास निर्माण र सेवा प्रवाह सम्बन्धी कार्यहरूको सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नागरिक सन्तुष्टी सर्वेक्षण जस्ता सेवाग्राहीप्रति उत्तरदायी हुने कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१२३. नगरपालिकाबाट तर्जुमा भएका ऐन, नियम, निर्देशिकामा भएको व्यवस्था अनुसारका कोषहरू स्थापना गरी आवश्यकता र आर्थिक श्रोतको उपलब्धताको आधारमा रकम जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।

१२४. कर सचेतना अभिवृद्धिका लागि कर सप्ताह, घुम्ति शिविर, घरदैलो जस्ता कार्यक्रमहरु सञ्चालन गरी करको दायरा तथा सहभागिता वृद्धि गरिनेछ साथै राजश्वका दरहरुलाई आवश्यकतानुसार समयानुकुल परिमार्जित गरिनेछ । करदातालाई नियमानुसार छुट, सहुलियत, सम्मान एवम् प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।

१२५. डिजिटल नगर प्रोफाइलको आधारमा वडाहरुको क्षेत्रगत खण्डिकृत तथ्यांड्क सहितको वडा प्रोफाईल तयार गरिनेछ । सो को आधारमा नगरपालिकाको आवधिक योजना, मध्यकालिन खर्च संरचना, मध्यकालिन बजेट संरचना तथा क्षेत्रगत रणनितिक योजना तयार गरि कार्यान्वयनमा लगिनेछ ।

१२६. नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरूको योगदानमा आधारित अवकाश कोष र उपदान कोषमा रकम जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।

१२७. सँगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) गरी नगरपालिकाको विद्यमान दरबन्दी तथा सँगठन संरचनालाई कार्यमूलक, चुस्त र प्रभावकारी बनाईनेछ ।

१२८. नगरपालिकाबाट सम्पादन गरिने कार्य, प्रदान गरिने सेवा तथा स्वीकृत कार्यक्रम बमोजिमको क्रियाकलाप मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र जोखिमरहित ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

१२९. नगरपालिका अन्तर्गतका कर्मचारीहरुको क्षमता विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३०. यस नगरक्षेत्रमा क्रियाशील लेखक, पत्रकार, सञ्चारकर्मी तथा मिडियासँग सहकार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।



Scanned with CamScanner

१३१. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकामा दर्ता भएका उद्योग, व्यापार व्यवसाय, संघ संस्था, वित्तिय तथा सहकारी संस्थाहरू समेतको विवरण अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१३२. नगरपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा, त्यस्तो सेवा प्रदान गर्दा लाग्ने सेवा शुल्क, सेवा प्रदान गर्ने जिम्मेवार शाखा एवम् पदाधिकारी र सेवा लिनका लागि आवश्यक पर्ने कागजात तथा समय समेत उल्लेख भएको विद्युतीय नागरिक वडापत्र जडान गर्ने व्यवस्था मिलाइनेछ ।

१३३. नेपाल प्रहरी र सशस्त्र प्रहरी र अन्य सुरक्षा निकायसँग समन्वय गरी नगरबासीहरुको जिउज्यान, सम्पत्तिको सुरक्षाका साथै सार्वजनिक सम्पत्ति एवम् प्राकृतिक स्रोतको संरक्षणको व्यवस्था मिलाइनेछ । सो कार्यमा नगर प्रहरीको समेत व्यवस्था गरी परिचालन गरिनेछ । वडा नं. ९ को भलवाडमा नेपाल प्रहरी इकाई स्थापना र बाणगङ्गा पुलको पूर्वउत्तर क्षेत्रमा सशस्त्र प्रहरी बल सुरक्षा बेस पिपरालाई स्थानान्तरणका लागि आवश्यक पहल गरिनेछ ।

१३४. कर्मचारीहरुको योग्यता, क्षमता, सीप र अनुभवलाई कार्यसम्पादनमा उपयोग गर्न तथा उत्प्रेरित बनाइ राख्न कार्यसम्पादनमा आधारित प्रोत्साहन उपलब्ध गराउने व्यवस्था मिलाईनेछ । साथै कर्मचारीहरुको वृत्ती विकास सम्बन्धी मापदण्ड तथा कार्यविधि तयार गरी कार्यान्वियनमा ल्याईनेछ ।

१३५. वडाको क्षेत्रफल, जनसङ्ख्या, भौगोलिक विकटता, आन्तरिक राजश्वलाई आधार मानी वडागत बजेट तथा सिलिङ निर्धारण र विकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवम् सन्तुलित विकासको नीतिलाई निरन्तरता दिईने छ ।

१३६. नगरपालिका भित्र सञ्चालन गरिएका सबै व्यवसायहरुलाई दर्ता तथा अभिलेखीकरण गर्न अभिप्रेरित गर्ने, विभिन्न प्रकारका चेतनामूलक कार्यक्रमहरु उद्योग वाणिज्य संघको समेत सहकार्यमा गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

१३७. विद्युत आपूर्तीमा हुने अवरोधबाट नगरपालिकाको सेवा प्रवाहमा हुने समस्यालाई निराकण गर्न सो को वैकल्पिक व्यवस्था मिलाइने छ ।

१३८. जनतासँग स्थानीय सरकार कार्यक्रम अन्तर्गत नगरका सबै वडाहरुमा एकिकृत घुम्ति शिविरहरु सञ्चालन गरिनेछ ।

*अन्तमा*

असिमित विकास आकाङ्क्षा र सिमित स्रोत साधनको सन्तुलन कायम गर्नु आफैमा चुनौतीपूर्ण रहेको विषय सर्वविदितै छ । यसका बाबजुत यहाँका राजनीतिक दल, नागरिक समाज, संघसंस्था, सरोकारवाला लगायत आम नगरबासीको समन्वय र सहकार्यमा विकास योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गरी कार्यान्वयनमा ल्याइएको छ । हामी निर्वाचित पदाधिकारीले गरेका प्रतिवद्दता अनुरुप अधुरा योजना नीति तथा कार्यक्रम यहाँहरुकै सहकार्य, सहभागिता र स्वामित्वमा सार्थक निश्कर्षमा पुऱ्याउने प्रतिवद्दता समेत व्यक्त गर्दछु ।

आर्थिक वर्ष ०७८।७९ को बार्षिक नीति तथा कार्यक्रम तयारीको लागि महत्वपूर्ण सुझावहरु दिनुहुने संघ तथा प्रदेश सरकारका माननीय संसदज्यूहरु, पूर्व मन्त्रीज्यूहरु, पूर्व माननीय सदस्यज्यूहरु, विभिन्न राजनीतिक दलका जिल्ला तथा नगर प्रतिनिधिहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, सञ्चारकर्मीहरु र आम नगरवासीहरुमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरुमा पनि सकरात्मक र रचनात्मक सुझाव सल्लाह सहयोग तथा सहकार्यको अपेक्षा गर्दछु ।

धन्यवाद !

मंगल प्रसाद थारु
नगर प्रमुख



Scanned with CamScanner